# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल

पत्र संख्या :- २०७६/०७७
चलानी नं. :- 2698

मिति :- २०७६/१२/१८

**विषय- निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री वडा कार्यालय (सबै),
दक्षिणकाली नगरपालिका ।

गृह मन्त्रालयको मिति २०७६/१२/१६ को प्राप्त पत्रानुसार मिति २०७६/१२/१६ गते माननीय गृहमन्त्री राम बहादुर थापा (बादल) ज्यूको अध्यक्षतामा आपूर्ति व्यवस्थालाई सहज बनाउने सम्बन्धमा बसेको बैठकको तपसिल बमोजिमको निर्णयहरु कार्यान्वयन गराउन लेखी आएको हुदाँ सोही बमोजिम गर्नु गराउनुहुन अनुरोध गरिन्छ ।

<u>तपसिल</u>

१. आपूर्ति व्यवस्थापन सम्बन्धमा नगर स्तरिय बजार अनुगमन समितिद्धारा अत्यावश्यक सामग्रीहरुको सहज आपूर्ति भए/नभएको अनुगमन गरिने,
२. अत्यावश्यक दैनिक उपभोग्य सामग्री बिक्री वितरण गर्दा न्यूनतम १ मिटरको दुरी कायम गर्ने (Social Distancing) गरी व्यवस्था मिलाउने,
३. आपूर्ति व्यवस्थालाई सहज बनाउन प्रत्येक वडाहरुमा यस कार्यालयको मिति २०७६/१२/१३ को पत्रानुसार वडा अध्यक्षको संयोजकत्वमा गठित समितिले कार्य गर्ने,
४. तहाँ वडाहरु अर्न्तगत रहेको स्टोर, पसल तथा विक्रेताहरुले यस नगरपालिकाको मिति २०७६/१२/१६ को पत्रानुसारको न्यूनतम दैनिक उपभोग्य खाद्य सामग्रीहरुको Combo Package बनाई बिक्रि वितरण गर्ने व्यवस्था मिलाउने,
५. यस नगरपालिकाको मिति २०७६/१२/१६ को पत्रानुसार तोकिको मापदण्ड बमोजिम हालको अवस्थामा रोजगारीको अभावमा दैनिक गुजारा चलाउन नसक्ने घरपरिवारहरुको पहिचान गरी न्यूनतम दैनिक उपभोग्य वस्तुहरुको प्याकेज उपलब्ध गराउने । प्याकेज बनाउँदा ४ जना सम्म सदस्य भएको परिवार र ४ जना भन्दा बढी सदस्य भएको परिवारलाई पुग्ने गरी २ प्रकारको बनाउने,
६. तहाँ वडा अर्न्तगत कुनै निकाय, संघ, संस्था तथा व्यक्तिले सहायता उपलब्ध गराउन चाहेमा यस कार्यालयसँग समन्वय गरेर मात्र अनुमति प्रदान गर्ने,
७. सहायताको नाममा कोही कसैले पनि चन्दा उठाउन वा आफुखुसी सहायता वितरण गर्न नपाउने तथा नदिने,
८. सामग्री वितरणमा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने ।

.............................
घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत